मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**अवैध चोरी निकासी नियन्त्रण गरौं**

☞ गैरकानुनी रूपमा सामान देश बाहिर लैजाने/ल्याउने कार्य रोकौं,
☞ शंकास्पद गतिविधि देखे सम्बन्धित निकायमा जानकारी गराऔं,
☞ वैधानिक प्रक्रियाबाट आयात-निर्यात गरौं,
☞ कर छलि र तस्करी विरुद्ध सचेत बनौं,
☞ सीमा क्षेत्र र बजारमा निगरानी बढाऔं,
☞ प्राकृतिक स्रोत, वन सम्पदा तथा राष्ट्रिय सम्पत्तिको संरक्षण गरौं,
☞ आर्थिक सुशासन कायम गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## मिडियामाथिको हस्तक्षेप लोकतन्त्रमाथिको प्रहार हो : अध्यक्ष शर्मा

# 'विज्ञापन नीतिमार्फत् सञ्चारमाध्यममा हस्तक्षेप'

साझाकुरा संवाददाता

हेटौंडा, २३ जेठ/नेपाल पत्रकार महासंघकी केन्द्रीय अध्यक्ष निर्मला शर्माले विज्ञापन नीतिमार्फत् सरकारले सञ्चारमाध्यममाथि हस्तक्षेप गर्न खोजेको आरोप लगाएकी छन् । सरकारको यस कदमले केवल मिडियाको आर्थिक पक्षलाई मात्र नभई संविधानले सुनिश्चित गरेको नागरिकको सूचनाको हकमाथि समेत गम्भीर आघात पुर्‍याएको उनको भनाई छ ।

नेपाल पत्रकार महासंघ बागमती प्रदेश समितिको शनिबार हेटौंडामा आयोजित पाँचौं साधारण सभालाई सम्बोधन गर्दै अध्यक्ष शर्माले वर्तमान सरकारका गतिविधिप्रति असन्तुष्टि व्यक्त गर्दै लोकतान्त्रिक मूल्य र मान्यतामाथि चुनौती सिर्जना भएको धारणा राखिन् । उनले सञ्चारमाध्यमलाई कमजोर बनाउने उद्देश्यले ल्याइएका नीतिले लोकतन्त्रको आधारभूत स्तम्भमाथि नै प्रहार गरेको बताइन् ।

अध्यक्ष शर्माले विगतमा राजतन्त्रकालमा समेत सञ्चार कर्मीहरु आन्दोलनमा उत्रिँदा राज्यले ढिलोचाँडो भएपनि माग सम्बोधन गर्ने गरेको स्मरण गर्दै अहिलेको सरकारले भने सञ्चारकर्मीका आवाज सुन्नसमेत नचाहेको आरोप लगाइन् ।

'राजाले गरेको 'कु' भन्दा अहिलेको सरकारले गरेको 'कु' अझ खतरनाक छ,' अध्यक्ष शर्माले भनिन्, 'किनभने लोकतन्त्रको आवरणमा गरिने हस्तक्षेप झन् जटिल र दीर्घकालीन असर पार्ने खालको हुन्छ ।'

अध्यक्ष शर्माले सरकार लोकतान्त्रिक पद्दति र कानुनी शासनअनुसार सञ्चालन हुन नसकेको आरोप लगाउँदै प्रधानमन्त्रीको निर्देशनकै भरमा कर्मचारीलाई पक्राउ गर्ने अभ्यास लोकतन्त्रको मर्मविपरीत भएको बताइन् । कानुनभन्दा माथि कोही हुन नसक्ने उल्लेख गर्दै उनले-राज्य सञ्चालन विधि, प्रक्रिया र संविधानको सीमाभित्र हुनुपर्नेमा जोड दिइन् ।

उनले लोकतान्त्रिक पद्दतिअनुसार नचल्ने सरकारले सञ्चारमाध्यममाथि नियन्त्रणको प्रयास गर्नु अस्वाभाविक नभएको बताउँदै प्रेस स्वतन्त्रताको रक्षा आजको प्रमुख आवश्यकता बनेको धारणा राखिन् । सञ्चारमाध्यममाथि हुने कुनै पनि प्रकारको दबाब अन्तत: नागरिकको अभिव्यक्ति स्वतन्त्रता र सूचनाको अधिकार माथिको हस्तक्षेप हुने उनको भनाइ थियो । पत्रकार महासंघ अब केवल पत्रकारको पेशागत हकहितका लागि मात्र नभई संविधान, लोकतन्त्र र नागरिक अधिकारको संरक्षणका लागि पनि आन्दोलनमा उत्रिनुपर्ने अवस्था आएको अध्यक्ष शर्माले बताइन् ।

उनले आन्दोलनलाई प्रभावकारी बनाउन नागरिकसमाज, मानवअधिकारकर्मी, बौद्धिक वर्ग तथा विभिन्न पेशागत संस्थाको ऐक्यबद्धता आवश्यक रहेको उल्लेख गरिन् । 'केवल पत्रकारहरु मात्रै आन्दोलनमा उभिएर पर्याप्त हुँदैन,' उनले भनिन्, 'नागरिकको अधिकारसँग जोडिएका विषयमा सबै सरोकारवालाको साथ र समर्थन आवश्यक हुन्छ ।' नागरिक समाजको सहभागिता र समर्थनबिना लोकतान्त्रिक आन्दोलन सफल हुन नसक्ने उनको भनाइ थियो । सरकारले विज्ञापन वितरणलाई नियन्त्रण गर्ने नाममा सञ्चार माध्यमलाई आर्थिकरुपमा कमजोर बनाउने प्रयास गरिरहेको आरोप लगाउँदै अध्यक्ष शर्माले यसले




अभिव्यक्ति स्वतन्त्रतालाई समेत कुण्ठित गर्ने काम गरेको बताइन् ।

विज्ञापन रोक्ने नीति अन्तत: स्वतन्त्र पत्रकारितालाई कमजोर बनाउने रणनीति भएको उनको जिकिर थियो ।

अध्यक्ष शर्माले पछिल्लो समय सरकारलाई व्यावसायिक र उत्तरदायी सञ्चारमाध्यमभन्दा सामाजिक सञ्जाल बढी आवश्यक परेको जस्तो देखिएको टिप्पणी गरिन् । न्यु मिडियाका नाममा सञ्चालन भइरहेका सामाजिक सञ्जालले नागरिकको वास्तविक आवाज उठाउन नसक्ने र लोकतान्त्रिक उत्तरदायित्व वहन गर्न नसक्ने उनको धारणा थियो । 'व्यावसायिक सञ्चारमाध्यम लोकतन्त्रका जिम्मेवार संस्था हुन्,' उनले भनिन्, 'तर, सामाजिक सञ्जालमा फैलिने सूचना प्राय: उत्तरदायित्व र सम्पादकीय नियन्त्रणभन्दा बाहिर हुने भएकाले त्यसले लोकतन्त्रलाई सुदृढ बनाउने भन्दा चुनौती सिर्जना गर्न सक्छ ।'

अध्यक्ष शर्माले पत्रकार महासंघको आन्दोलन सफल बनाउन नागरिकको विश्वास जित्नु सबैभन्दा महत्वपूर्ण पक्ष भएको बताइन् । पत्रकारितामा विश्वसनीयता, निष्पक्षता र जिम्मेवारी कायम राखेर मात्र जनताको भरोसा प्राप्त गर्न सकिने उनले उल्लेख गरिन् ।

पत्रकारले पेशागत मर्यादा कायम राख्दै समाजप्रति उत्तर दायी भूमिका निर्वाह गर्नुपर्नेमा उनले जोड दिइन् । राज्यले सञ्चारक्षेत्रलाई लोकतन्त्रको महत्वपूर्ण अंगकारुपमा स्वीकार गरेको र आवश्यक लगानी र संरक्षण गर्नुपर्ने धारणा व्यक्त गर्दै अध्यक्ष शर्माले लोककल्याणकारी विज्ञापनका नाममा भएका अनियमितता र विकृति रोक्नुपर्ने बताइन् ।

यस्ता विकृति अन्त्यका लागि पत्रकार महासंघ सरकारसँग सहकार्य गर्न तयार रहेको उनले स्पष्ट पारिन् । तर, अनियमितता नियन्त्रणको बहानामा सम्पूर्ण सञ्चार माध्यमलाई दिइँदै आएको विज्ञापन नै बन्द गर्नु उचित नहुने उनको भनाइ थियो । 'समस्या समाधान गर्ने नाममा सिंगो क्षेत्रलाई दण्डित गर्न मिल्दैन,' उनले भनिन् । अध्यक्ष शर्माले २१औं शताब्दीको लोकतान्त्रिक युगमा राज्य आफैंले सञ्चारमाध्यम सञ्चालन गर्ने अवधारणा उपयुक्त नभएको उल्लेख गर्दै स्वतन्त्र, व्यवसायिक र प्रतिस्पर्धी मिडियाको विकासमा राज्यले सहयोगी भूमिका खेल्नुपर्ने धारणा राखिन् ।

### अग्रज पत्रकार र उत्कृष्ट शाखा सम्मानित

यसैबीच, नेपाल पत्रकार महासंघ बागमती प्रदेश समितिले पत्रकारिता क्षेत्रमा योगदान पुर्‍याएका पत्रकार तथा उत्कृष्ट शाखालाई सम्मान तथा पुरस्कृत गरेको छ । पाँचौं साधारणसभाको अवसरमा प्रदान गरिएको 'रविन्द्र गौतम स्मृति पत्रकारिता पुरस्कार' अग्रज पत्रकार भगवती तिमल्सिनालाई प्रदान गरिएको छ । त्यस्तै 'उत्कृष्ट महिला पत्रकारिता पुरस्कार'बाट पत्रकार प्रतिमा सिलवाल तथा 'स्वर्गीय सुर्जबहादुर सारुमगर स्मृति पत्रकारिता पुरस्कार'बाट पत्रकार ध्रुव अधिकारी पुरस्कृत भएका छन् । तीनवटै पुरस्कारको राशि जनही १५ हजार रुपैयाँ रहेको छ ।

यसैगरी पत्रकारिताक्षेत्रमा दीर्घकालीन योगदान पुर्‍याएका नेपाल पत्रकार महासंघ सिन्धुलीका संस्थापक शेषराज दाहाल, नेपाल पत्रकार महासंघ मकवानपुरका पूर्वअध्यक्ष नवराज शर्मा तथा नेपाल पत्रकार महासंघका पूर्ववरिष्ठ उपाध्यक्ष एवं चितवनका पत्रकार दीपक आचार्यलाई 'अग्रज पत्रकार सम्मान' प्रदान गरिएको छ ।

कार्यक्रममा उत्कृष्ट जिल्ला शाखाकारुपमा नेपाल पत्रकार महासंघ धादिङ पुरस्कृत भएको छ । महासंघकी अध्यक्ष शर्मा, बागमती प्रदेश अध्यक्ष कृष्ण सारु मगरलगायत पदाधिकारीले सम्मानित व्यक्तित्व तथा संस्थालाई पुरस्कार र सम्मानपत्र प्रदान गरेका थिए ।

साधारणसभामा बागमती प्रदेशका विभिन्न जिल्लाबाट आएका पत्रकारको सहभागिता थियो । कार्यक्रममा 'बदलिँदो पत्रकारिता : संकट, चुनौती र अवसर', 'गुणस्तरीय पत्रकारिता : सत्य, तथ्य र विश्वासको आधार' तथा 'समाजको आँखामा मिडिया' लगायत विषयमा विज्ञ, सञ्चारकर्मी र सरोकारवालाबीच विस्तृत बहस तथा अन्तरक्रिया सम्पन्न भएको छ । महासंघले साधारणसभापछि सम्पन्न बागमती मिडिया सम्मेलनमा उठेका सुझाव, निष्कर्ष र प्रतिबद्धतालाई समेटेर आइतबार 'हेटौंडा घोषणापत्र' सार्वजनिक गर्ने जनाएको छ ।




## सहकारीको दिगो विकासको लागि एकीकरण व्यवस्थित हुनुपर्छः मन्त्री रायमाझी

# सर्वोत्तम सञ्चिति र सुन्दर सहकारी मर्ज




साझाकुरा संवाददाता

हेटौंडा, २३ जेठ/ हेटौंडा-८ स्थित सर्वोत्तम सञ्चिति बचत तथा ऋण सहकारी संस्था र हेटौंडा-१ स्थित सुन्दर बचत तथा ऋण सहकारी संस्था एकीकरण भई संयुक्त साधारणसभा भएको छ ।

शनिबार आयोजित सभाको उद्घाटन बागमती प्रदेशका सहकारी तथा गरिबी निवारण मन्त्री बिनु रायमाझीले गरेकी हुन् । कार्यक्रममा मन्त्री रायमाझीले सहकारीक्षेत्रको दिगो विकासका लागि सहकारी एकीकरणलाई व्यवस्थित र योजनाबद्ध रुपमा अगाडि बढाउनुपर्ने बताएकी छन् । उनले सहकारीक्षेत्रमा देखिएका चुनौती समाधानका लागि साना तथा छरिएर रहेका सहकारी संस्थालाई एकीकृत गर्दै बलिया र सक्षम संस्था निर्माण गर्न आवश्यक रहेको बताइन् । उनले देशभर छरिएर रहेका सहकारी संस्थाको संख्या घटाई गुणस्तरीय, पारदर्शी र सदस्यमुखी संस्थाको विकास गर्नुपर्नेमा जोड दिँदै एकीकरणले सहकारी क्षेत्रलाई थप व्यवस्थित, प्रभावकारी र विश्वसनीय बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गरिन् ।

मन्त्री रायमाझीले अब सहकारीहरु केवल बचत तथा ऋणको कारोबारमा सीमित नरही उत्पादन मूलक र रोजगारी सिर्जनासँग जोडिनुपर्ने आवश्यकता औंल्याइन् । सहकारीले कृषि, उद्योग, उद्यमशीलता तथा स्थानीय उत्पादन प्रवर्द्धनमा महत्वपूर्ण भूमिका निर्वाह गर्नसक्ने उल्लेख गर्दै उनले उत्पादनसँग जोडिएका गतिविधिलाई प्राथमिकता दिन आग्रह गरिन् । उनले सर्वोत्तम सहकारीले उत्पादनमूलक क्षेत्रमा गरेका कार्यको प्रशंसा गर्दै यस्ता अभ्याससले सहकारी अभियानलाई सही दिशातर्फ अघि बढाउन मद्दत पुग्ने बताइन् । सहकारीको मूल उद्देश्य सदस्यको आर्थिक तथा सामाजिक जीवनस्तर उकास्नु भएकाले त्यसअनुसारका कार्यक्रम सञ्चालन गर्नुपर्नेमा उनले जोड दिइन् ।

*बाँकी पृष्ठ-३....*



साझाकुरा

## हाम्रो कुरा

# सांसदलाई रकम बाँड्दै सरकार

बागमती प्रदेश सरकारले प्रत्यक्षतर्फका ६० सांसदलाई ५ करोडका दरले ३ अर्ब र समानुपातिक सांसदलाई ३ करोडका दरले १ अर्ब ३२ करोड रुपैयाँको बजेट बाँड्ने तयारी गरेको छ । प्रत्यक्षबाट निर्वाचित ६६ मध्ये ६० जना सांसद र समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित ४४ जना सांसदलाई ३ करोडका दरले बजेट बाँड्न लागेको हो । प्रदेशसभामा ११० जना सांसद रहेकोमा गत प्रतिनिधिसमा निर्वाचनमा भाग लिन ६ जना सांसदले राजीनामा दिएका थिए । बागमती प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि प्रदेशसभा सदस्यले सिफारिस गर्ने योजनालाई पनि आयोजना बैंकमा प्रविष्ट गरेको छ । विगतमा सांसदका योजना सोझै बजेट सिलिङमार्फत् समावेश हुने गरेकोमा यसपाली सरकारले प्रक्रियागत ढंग पुऱ्याउँदै आयोजना बैंकबाट कार्यान्वयन गर्ने भएको हो । जसले गर्दा योजना जिल्लाजिल्लाबाट आउने विधि पालना हुने देखिएको विषयलाई सांसदले सकारात्मक बुझाइ राखेका छन् । नागरिकस्तरबाट प्राप्त भएका प्रस्ताव तथा सांसदहरुले सिफारिस गरेका योजनालाई सम्बन्धित मन्त्रालय मातहतका कार्यान्वयन इकाइलगायतले आयोजना बैंकमा प्रविष्ट (इन्ट्री) गर्नेछन् ।

आयोजना बैंकमा समावेश भएका योजनामध्येबाट सांसदले आफ्नो हिस्सामा परेको बजेट सीमाभित्र योजना छनोट गर्न पाउने व्यवस्था सरकारले मिलाएको हो । आयोजना बैंक व्यवस्थापन सूचनाप्रणाली सञ्चालनको जिम्मेवारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मन्त्रालय र निकायहरु तथा प्रदेश नीति तथा योजना आयोगसँग छ । सरकारका प्रवक्ता एवम् आर्थिक मामिला तथा योजनामन्त्री प्रभात तामाङले सांसदलाई बजेट तोकेर योजना नबाँडिएको बताउँदै योजना छनोट गर्न भने दिइएको बताए । आफ्नो निर्वाचन क्षेत्रमा कुन योजना हाल्ने भनेर छनोट गर्नलाई अप्सन दिइएको बताइएको भएपनि अन्ततः सांसदका लागि रकम बिनियोजन गर्ने तयारी गरिएको हो । आयोजना बैंकबाट आएकोमा कुन बजेट हाल्दा हुन्छ भनेर बजेटलाई सन्तुलित बनाउन छनोट गर्न दिइएको बताइएको छ । आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेशसभा सदस्यलाई समयमै आयोजना प्रस्ताव पेसगर्न वैशाख २१ गतेसम्मको समय सीमा दिएर आह्वानसमेत गरेको थियो । बजेट तर्जुमाका लागि वार्षिक आयोजना प्रस्ताव तथा छनोटसम्बन्धी निर्देशिका, २०८३ कार्यान्वयनको क्रममा सांसदलाई सम्बन्धित कार्यान्वयन इकाइ कार्यालयमा आयोजना विवरण बुझाउन पत्राचार भएको हो । सांसदहरुले समय अपुग भएको गुनासो गरेपछि थप समय प्रदान गरिएको छ । सरकारले सांसदका योजनामा बजेटको सीमा पनि तोकेको छ । पूर्वाधारतर्फका योजनामा ३० लाखसम्म र अन्य योजनामा १५ लाखसम्मको बजेट सीमा तोकिएको छ । सरकारले सुरुमा ५० लाख र २० लाख सीमा तोकेको थियो । त्यसैगरी प्रदेश सरकारले १ सय ४ जना प्रदेश सांसदलाई ४ अर्ब भन्दा बढी बजेट बाँड्ने तयारी गरेको छ । सरकारले प्रदेशसभामा प्रतिनिधित्व गर्ने ७ राजनीतिक दलका प्रदेशसभामा कायम १०४ जना प्रदेशसभा सदस्यलाई ५ र ३ करोडका दरले बजेट बाँड्न लागेको हो ।

विगतका वर्षमा पूर्वाधार विकास कार्यक्रम, निर्वाचन क्षेत्र विकास कार्यक्रमका नाममा सांसदलाई बजेट दिइने गरिएको थियो । २०७८/७९ को बजेटमा 'प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रम' लाई 'प्रदेश पूर्वाधार, स्वास्थ्य प्रवर्द्धन तथा कोभिड पुनर्स्थापना साझेदारी कार्यक्रम'मा रुपान्तरण गरी सांसदलाई बजेट बाँडिएको थियो । आर्थिक वर्ष २०८१/८२ मा 'प्रदेश विकास कार्यक्रम'मार्फत् प्रत्यक्ष सांसदलाई ३ र समानुपातिक सांसदलाई १ करोड बजेट छुट्याइएको थियो । यसमा पनि बजेट अपुग भएको भन्दै सांसदहरुले पटकपटक प्रदेशसभा सञ्चालनमा अप्ठेरो पार्दै आएका थिए । विगतका वर्षदेखि बजेटको विषयलाई लिएर सांसदहरु र सरकारबीच असमझदारी रहँदै आएपछि चालु आर्थिक वर्षको योजनामा सीधै बजेट दिन थालिएको थियो । बागमती प्रदेशसभामा कांग्रेसका ३६ र एमालेका २५ गरी सत्तापक्षका ६१ सांसद छन् । प्रतिपक्षतर्फ नेकपाको २६, राप्रपाका १२, नेपाल मजदुर किसान पार्टी (नेमकिपा)को ३ र हाम्रो नेपाली पार्टीका २ सांसद रहेका छन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८३ जेठ २५ गते सोमबार ८ जुन २०२६ । अष्टमी, जेठ कृष्णपक्ष । अनलागा ११४६ ने.सं. । सूर्योदय ५:१० सूर्यास्त ६:५७ । विश्व महासागर दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : व्यापारमा फाइदा मिल्नेछ | तुला | : प्रतिष्ठित काम पाइनेछ |
| वृष | : इनाम हात पर्नेछ | वृश्चिक | : सामाजिक दायित्व बढ्नेछ |
| मिथुन | : श्रम खेर जानेछ | धनु | : काममा सहयोग मिल्नेछ |
| कर्कट | : पढाइमा प्रगति हुनेछ | मकर | : अनावश्यक खर्च हुनेछ |
| सिंह | : उत्साहमा कमी आउनेछ | कुम्भ | : चिताएको काम बन्नेछ |
| कन्या | : आफन्तबाट धोका हुनेछ | मीन | : नसोचेको फाइदा पाइनेछ |

# लगानी भित्र्याउन नेपालले भियतनाम र रुवान्डाबाट के सिक्ने ?



अक्षितराज पौड्याल

नेपाल आज आर्थिक रूपान्तरणको एक संवेदनशील र निर्णायक मोडमा उभिएको छ । एकातिर देशसँग विशाल जलस्रोत, युवा जनशक्ति, जैविक विविधता, पर्यटन सम्भावना, रणनीतिक भूराजनीतिक अवस्था र दक्षिण एशियाका दुई ठूला अर्थतन्त्र भारत र चीन बीचको भौगोलिक पहुँच जस्ता महत्त्वपूर्ण अवसर हरू छन् । अर्कोतिर राज्यको कमजोर कार्यान्वयन क्षमता, नीतिगत अनिश्चितता, प्रशासनिक ढिलासुस्ती, न्यायिक प्रक्रियाको सुस्तता तथा पूर्वाधारको सीमितताले नेपालको लगानी वातावरणलाई अपेक्षित रूपमा प्रतिस्पर्धी बनाउन सकेको छैन । विगत केही वर्षदेखि नेपालले औद्योगिकीकरण, डिजिटल रूपान्तरण, हरित ऊर्जा, पूर्वाधार विस्तार र निजी क्षेत्रको सहभागितालाई विकासको मुख्य आधारका रूपमा प्रस्तुत गर्दै आएको छ । तर नीति घोषणाभन्दा व्यावहारिक कार्यान्वयन अझै चुनौतीपूर्ण देखिन्छ । आजको मूल प्रश्न यही हो- के नेपाल वास्तवमै लगानीमैत्री राष्ट्र बन्न सफल भइरहेको छ, वा अझै पनि सम्भावनाको देशमै सीमित छ?

यो प्रश्न विदेशी लगानीकर्ताका लागि मात्र होइनह नेपाली उद्योगी, व्यवसायी, स्टार्टअप उद्यमी र विदेशबाट फर्किएका युवाका लागि पनि उत्तिकै महत्त्वपूर्ण छ । कुनै पनि देशमा विदेशी लगानी त्यतिबेला मात्र स्थायी रूपमा आकर्षित हुन्छ, जब त्यहाँका आफ्नै नागरिकले आफ्नो पूँजी, सीप र भविष्य सुरक्षित महसुस गर्छन् । यदि घरेलु उद्योगी नै असुरक्षित महसुस गर्छन् भने विदेशी लगानीकर्ता दीर्घकालीन प्रतिबद्धता गर्न सहज मान्दैनन् । नेपालको अर्थतन्त्र लामो समयदेखि रेमिट्यान्स, आयातमुखी व्यापार र सेवा क्षेत्रमा आधारित रहँदै आएको छ । उत्पादनमूलक क्षेत्र, विशेषतः उद्योग, निर्यात र प्रविधिमा आधारित उत्पादन, अपेक्षित रूपमा विस्तार हुनसकेको छैन । विदेशी प्रत्यक्ष लगानी (एफडीआई) को अवस्था हेर्दा पनि नेपाल दक्षिण एशियाका धेरै देशको तुलनामा पछाडि देखिन्छ । बङ्गलादेश, भियतनाम, कम्बोडिया वा रुवान्डा जस्ता मुलुकले विगत दुई दशकमा उद्योग, निर्यात र पूर्वाधार क्षेत्रमा उल्लेखनीय विदेशी लगानी आकर्षित गर्न सफल भए । नेपालमा भने विदेशी लगानी अझै मुख्यतः ऊर्जा, होटल तथा सीमित सेवा क्षेत्रमा केन्द्रित छ ।

यसको अर्थ नेपालसँग सम्भावना छैन भन्ने होइन । वास्तवमा नेपालसँग अहिले पनि दक्षिण एशियाकै सबैभन्दा ठूलो हरित ऊर्जा सम्भावनामध्ये एक रहेको मानिन्छ । चुनौती सम्भावनाको अभाव होइन, सम्भावनालाई परियोजनामा, परियोजनालाई उद्योगमा र उद्योगलाई दीर्घकालीन आर्थिक वृद्धिमा रूपान्तरण गर्ने संस्थागत क्षमताको कमजोरी हो । घरेलु लगानीकर्ताले भोगिरहेका समस्या पनि गम्भीर छन् । बैंक ब्याजदरको अस्थिरता, कर प्रशासनको अस्पष्टता, नीतिगत परिवर्तन, जग्गा प्राप्तिको कठिनाइ, आयात नीतिमा अचानक परिवर्तन, श्रम विवाद तथा उद्योग सञ्चालन अनुमतिका लागि अत्यधिक समय लाग्ने अवस्था अझै पनि विद्यमान छ । एउटा उद्योग स्थापना गर्न आज पनि विभिन्न मन्त्रालय, विभाग र स्थानीय निकाय धाउनुपर्ने अवस्था छ ।

वातावरणीय स्वीकृति, उद्योग दर्ता, विद्युत् जडान, कर दर्ता, भन्सार प्रक्रिया, बैंकिङ अनुपालन र स्थानीय अनुमति प्रक्रिया बीच समन्वयको अभाव स्पष्ट देखिन्छ । एकल विन्दु प्रणाली (सिंगल विन्डो सिस्टम) को धेरै चर्चा भए पनि व्यवहारमा धेरै लगानीकर्ताले बहु-विन्दु निराशा (मल्टिपल विन्डो फ्रस्ट्रेसन) नै भोगिरहेका छन् । विदेशी लगानीकर्ताले नेपाललाई अवसर र जोखिम दुवै रूपमा हेर्छन् । अवसरका हिसाबले नेपालसँग विशाल जलविद्युत् सम्भावना, दक्षिण एशियाली बजारमा पहुँच, पर्यटन तथा आतिथ्य क्षेत्र, कृषि प्रशोधन, सूचनाप्रविधि, आउटसोर्सिङ सेवा र हरित उद्योग विकासको सम्भावना छ । तुलनात्मक रूपमा श्रम लागत कम हुनु पनि अर्को सकारात्मक पक्ष हो । तर उनीहरूको मुख्य चिन्ता नीतिगत अस्थिरता, सरकार परिवर्तनसँगै प्राथमिकता परिवर्तन, कर प्रणालीको अस्पष्टता, सम्झौता कार्यान्वयनमा कमजोरी, ढिलो न्याय प्रणाली, नाफा फिर्ता लैजान कठिनाइ, कमजोर पूर्वाधार, प्रशासनिक ढिलासुस्ती तथा भ्रष्टाचारसँग सम्बन्धित छ ।

विदेशी लगानीकर्ता केवल कर छुट खोज्दैनन् । उनीहरू नीतिगत अनुमानयोग्यता अर्थात् नीतिगत स्थायित्व खोज्छन् । यदि कुनै कम्पनीले २० वर्षको लगानी योजना बनाउँछ भने उसले हरेक वर्ष नियम परिवर्तन हुने वातावरण चाहँदैन । नेपालमा भने कहिलेकाहीं बजेट, परिपत्र वा प्रशासनिक निर्णय मार्फत लगानीको लागत अचानक बढ्ने अवस्था सिर्जना हुन्छ । यही कारण धेरै लगानीकर्ता नेपाललाई 'उच्च सम्भावना तर उच्च अनिश्चितता भएको बजार' का रूपमा हेर्छन् । नेपालले विभिन्न समयमा लगानी सम्मेलन आयोजना गरेको छ । ती सम्मेलनमा अर्बौं डलर बराबरका प्रतिबद्धता पनि आएका छन् । तर तीमध्ये धेरै परियोजना व्यावहारिक कार्यान्वयनसम्म पुग्न सकेका छैनन् । यसले एउटा गम्भीर प्रश्न उठाउँछ- नेपालमा लगानीकर्ताको अभाव हो कि कार्यान्वयन संयन्त्रको कमजोरी ?

उत्तर स्पष्ट छ– आज विश्वमा पूँजीको अभाव छैन । विश्वभरका लगानीकर्ता नयाँ बजार, हरित ऊर्जा, डिजिटल सेवा, डेटा पूर्वाधार र रणनीतिक उत्पादन केन्द्र खोजिरहेका छन् । तर पूँजी त्यहीं जान्छ जहाँ नीति स्थिर हुन्छ, कानूनी सुरक्षा बलियो हुन्छ, प्रशासनिक प्रक्रिया छिटो हुन्छ, पूर्वाधार विश्वसनीय हुन्छ र सरकार नियन्त्रणकर्ता भन्दा सहजीकरणकर्ताको भूमिकामा देखिन्छ । नेपालले अब विश्वका सफल उदाहरणहरूबाट सिक्न आवश्यक छ । उदाहरणका लागि भियतनामले विगत ३० वर्षमा कृषि अर्थतन्त्रबाट उत्पादन र निर्यातमुखी अर्थतन्त्रमा उल्लेखनीय रूपान्तरण गऱ्यो । विशेष आर्थिक क्षेत्र, निर्यात उद्योगलाई प्रोत्साहन, विदेशी लगानी स्वीकृतिमा तीव्रता, स्पष्ट श्रम तथा कर नीति, पूर्वाधारमा ठूलो लगानी र नीतिगत निरन्तरताले भियतनामलाई विश्व उत्पादन केन्द्रमध्ये एक बनायो । आज विश्वका ठूला इलेक्ट्रोनिक्स कम्पनीहरू त्यहाँ उत्पादन गरिरहेका छन् ।

त्यस्तै रुवान्डाले प्रशासनिक सुधार मार्फत लगानी वातावरणमा आमूल परिवर्तन ल्यायो । व्यवसाय दर्ता प्रक्रिया डिजिटल बनाइयो, भ्रष्टाचार नियन्त्रण, सरकारी सेवामा समयसीमा लागू र लगानीकर्तासँग प्रत्यक्ष समन्वय प्रणाली विकास गरियो । परिणामस्वरूप रुवान्डा अफ्रिकाको व्यवसायमैत्री मुलुकमध्ये एक बन्न सफल भयो । बङ्गलादेशले कपडा उद्योगलाई राष्ट्रिय रणनीतिक प्राथमिकता बनायो । निर्यात प्रोत्साहन, विशेष कर सहुलियत, महिला श्रम सहभागिता, औद्योगिक क्षेत्र विकास र अन्तर्राष्ट्रिय बजार पहुँचका कारण आज बङ्गलादेश विश्वकै प्रमुख रेडिमेड गार्मेन्ट निर्यातकर्तामध्ये एक बनेको छ । नेपालले पनि आफ्नो तुलनात्मक लाभ भएका क्षेत्र पहिचान गरेर रणनीतिक रूपमा लगानी केन्द्रित गर्नुपर्छ । जलविद्युत्, कृषि प्रशोधन, जडीबुटी, पर्यटन, सूचनाप्रविधि, हरित ऊर्जा, हल्का उत्पादन उद्योग र डिजिटल सेवा नेपालका सम्भावित रणनीतिक क्षेत्र हुन् ।

अब विश्व 'इन्डस्ट्री ४.०' अर्थात् चौथो औद्योगिक क्रान्तितर्फ अघि बढिरहेको छ । कृत्रिम बुद्धिमत्ता, इन्टरनेट अफ थिङ्स, रोबोटिक्स, अटोमेसन, क्लाउड कम्प्युटिङ, बिग डेटा, डिजिटल ट्विन्स र स्मार्ट म्यानुफ्याक्चरिङ जस्ता प्रविधिले उद्योगको स्वरूप परिवर्तन गरिरहेका छन् । नेपालले यदि अझै पनि केवल परम्परागत उद्योग मोडलमा सीमित रहने हो भने क्षेत्रीय प्रतिस्पर्धामा पछि पर्ने खतरा बढ्छ । नेपालका उद्योगहरूलाई अब 'स्मार्ट उद्योग तत्परता' को अवधारणामा लैजान आवश्यक छ । यसको अर्थ केवल मेसिन खरिद गर्नु होइन, उत्पादन प्रक्रिया, डेटा व्यवस्थापन, ऊर्जा दक्षता, डिजिटल आपूर्ति शृंखला, अटोमेसन र रियल-टाइम मोनिटरिङ प्रणाली विकास गर्नु हो । विश्वका धेरै देशले उद्योग रूपान्तरणका लागि 'स्मार्ट इन्डस्ट्री रेडिनेस इन्डेक्स' जस्ता ढाँचाहरू प्रयोग गरिरहेका छन् । नेपालले पनि उद्योग आधुनिकीकरणका लागि यस्ता अन्तर्राष्ट्रिय मापदण्ड अपनाउन सक्छ ।

उदाहरणका लागि, यदि नेपालका औद्योगिक क्षेत्रहरूमा स्मार्ट म्यानुफ्याक्चरिङ प्रणाली लागू गरियो भने उत्पादन लागत घटाउन, ऊर्जा दक्षता बढाउन, गुणस्तर सुधार गर्न र निर्यात प्रतिस्पर्धा बढाउन सकिन्छ । कृषि प्रशोधन उद्योगमा सेन्सरमा आधारित अटोमेसन, कोल्ड-चेन मोनिटरिङ र एआईयुक्त क्वालिटी कन्ट्रोल प्रयोग गर्न सकिन्छ । जलविद्युत् क्षेत्रमा प्रिडिक्टिभ मेन्टेनेन्स र डिजिटल ग्रिड म्यानेजमेन्ट प्रणाली विकास गर्न सकिन्छ । यससँगै डेटा सेन्टर उद्योग नेपालका लागि नयाँ सम्भावनाको क्षेत्र बन्न सक्छ । विश्वभर डिजिटल अर्थतन्त्र विस्तार भइरहेका बेला डेटा भण्डारण, क्लाउड इन्फ्रास्ट्रक्चर र डिजिटल सेक्युरिटीको माग तीव्र रूपमा बढिरहेको छ । नेपालसँग तुलनात्मक रूपमा स्वच्छ ऊर्जा उपलब्ध हुने सम्भावना भएकाले 'ग्रिन डेटा सेन्टर' विकास गर्न सकिने अवसर छ ।

यदि नेपालले विश्वसनीय विद्युत् आपूर्ति, हाई-स्पिड इन्टरनेट ब्याकबोन, डेटा प्रोटेक्सन कानून र साइबर सेक्युरिटी फ्रेमवर्क विकास गर्न सके अन्तर्राष्ट्रिय क्लाउड सर्भिस प्रोभाइडर, फिनटेक कम्पनी र डिजिटल प्लेटफर्महरूलाई आकर्षित गर्न सकिन्छ । डेटा सेन्टर उद्योगले प्रत्यक्ष रोजगारी मात्र होइन, सफ्टवेयर डेभलपमेन्ट, साइबर सेक्युरिटी, एआई सर्भिस, क्लाउड इन्जिनियरिङ र डिजिटल आउटसोर्सिङ जस्ता क्षेत्रलाई समेत गति दिन सक्छ । आज धेरै बहुराष्ट्रिय कम्पनीहरूले आफ्नो डेटा इन्फ्रास्ट्रक्चर हरित ऊर्जामा आधारित स्थानमा सार्ने रणनीति लिइरहेका छन् । नेपालले सस्तो जलविद्युत् र चिसो भौगोलिक अवस्थालाई प्रयोग गर्दै 'हरित डिजिटल पूर्वाधार हब' को रूपमा आफूलाई प्रस्तुत गर्न सक्छ । यो केवल आईटी क्षेत्रको विषय होइनह भविष्यको औद्योगिक र आर्थिक रणनीतिसँग जोडिएको विषय हो ।

हरित लगानीको दृष्टिले पनि नेपालसँग ठूलो अवसर छ । विश्व अहिले कार्बन न्युट्रालिटी र ग्रिन ट्रान्जिसनतर्फ गइरहेको छ । जलविद्युत्, विद्युतीय यातायात, कार्बन बजार र हरित उद्योग नेपालका सम्भावित रणनीतिक क्षेत्र हुन् । नेपालले नवीकरणीय ऊर्जाको उपयोग गरे मल उद्योग, हरित स्टिल, भारी यातायात र ऊर्जा निर्यातमा नयाँ सम्भावना खुल्न सक्छ । तर यसका लागि स्पष्ट हरित ऊर्जा नीति, अनुसन्धान तथा नवप्रवर्तन कोष, निजी क्षेत्रसँग सहकार्य, अन्तर्राष्ट्रिय प्रविधि साझेदारी र कार्बन क्रेडिट प्रणाली आवश्यक हुन्छ । विश्वका धेरै विकास साझेदार अहिले हरित लगानी परियोजनामा लगानी गर्न इच्छुक छन् । नेपालले यदि विश्वसनीय नीति र परियोजना तयारी क्षमता विकास गर्न सके ठूलो हरित पूँजी आकर्षित गर्न सक्छ । डिजिटल अर्थतन्त्र पनि नेपालको अर्को महत्त्वपूर्ण अवसर हो । नेपाली युवाहरू अहिले फ्रिलान्सिङ, सफ्टवेयर डेभलपमेन्ट, एआईमा आधारित सेवाहरू, एनिमेसन, डिजिटल मार्केटिङ र आउटसोर्सिङ क्षेत्रमा विश्व बजारसँग प्रतिस्पर्धा गर्न थालेका छन् । तर स्टार्टअप फाइनान्सिङ, भेन्चर क्यापिटल इकोसिस्टम, अन्तर्राष्ट्रिय पेमेन्ट इन्टिग्रेसन र डिजिटल नियमन अझै कमजोर अवस्थामा छन् ।

यदि नेपालले डिजिटल अर्थतन्त्रलाई राष्ट्रिय प्राथमिकता बनाउने हो भने स्टार्टअप एक्ट, इनोभेसन फन्ड, स्टार्टअप ट्याक्स होलिडे, डिजिटल पेमेन्ट उदारीकरण र सीमापार डिजिटल सेवा निर्यात सहजीकरण जस्ता सुधार आवश्यक छन् । युवा उद्यमीलाई केवल साना अनुदान होइन, 'स्केलेबल इनोभेसन इकोसिस्टम' चाहिन्छ । नेपालमा बैंकिङ तथा वित्तीय प्रणाली सुधारको आवश्यकता पनि उत्तिकै महत्त्वपूर्ण छ । दीर्घकालीन उद्योगका लागि छोटो अवधिको महँगो कर्जा उपयुक्त हुँदैन । उत्पादनमूलक क्षेत्रलाई सस्तो र दीर्घकालीन वित्त आवश्यक पर्छ । त्यसका लागि डेभलपमेन्ट फाइनान्स इन्स्टिच्युसन, इन्फ्रास्ट्रक्चर फन्ड, ग्रिन इन्भेस्टमेन्ट फन्ड र ब्लेन्डेड फाइनान्स मेकानिजम विकास गर्न आवश्यक छ । पूँजी बजारलाई पनि उत्पादनमूलक क्षेत्रमा जोड्नुपर्ने आवश्यकता छ ।

संघीयतापछि स्थानीय सरकारलाई आर्थिक विकासमा भूमिका दिइएको भए पनि सै, प्रदेश र स्थानीय तह बीच समन्वयको अभाव अझै देखिन्छ । कतिपय परियोजनामा फरक-फरक तहका अनुमति आवश्यक पर्छ, जसले लगानीकर्तामा अन्योल बढाउँछ । नेपालले स्पष्ट 'लगानी सुशासन ढाँचा' बनाएर तीनै तहका सरकार बीच जिम्मेवारी र अधिकार स्पष्ट गर्नुपर्छ । कुनै पनि देशमा लगानी आकर्षित गर्ने सबैभन्दा महत्त्वपूर्ण आधार 'ट्रस्ट' अर्थात् विश्वास हो । यदि लगानीकर्ताले नियम समान रूपमा लागू हुन्छ, भ्रष्टाचार कम छ, प्रशासन उत्तरदायी छ र न्यायिक सुरक्षा उपलब्ध छ भन्ने महसुस गर्छन् भने पूँजी स्वतः आकर्षित हुन्छ ।

नेपालले अब नीति घोषणा अर्थतन्त्रबाट कार्यान्वयन अर्थतन्त्रमा रूपान्तरण हुनैपर्छ । यसको अर्थ केवल नयाँ नीति घोषणा गर्नु होइन, समयमै कार्यान्वयन गर्ने क्षमता विकास गर्नु हो । नीतिगत स्थिरता, प्रशासनिक डिजिटल रूपान्तरण, पूर्वाधारमा तीव्र लगानी, निजी क्षेत्रसँग साझेदारी र नवप्रवर्तनमा आधारित अर्थतन्त्र निर्माण अब विकल्प होइन, आवश्यकता हो । नेपालसँग सम्भावनाको कमी छैन । चुनौती विश्वसनीय कार्यान्वयन, संस्थागत दक्षता र दीर्घकालीन दृष्टिकोणको हो । यदि नेपालले सुशासन, डिजिटल रूपान्तरण, हरित ऊर्जा, इन्डस्ट्री ४.०, डेटा सेन्टर इन्फ्रास्ट्रक्चर र निजी क्षेत्र सहकार्यलाई विकासको केन्द्रमा राख्न सक्यो भने देश केवल सम्भावनाको राष्ट्र मात्र होइन, दक्षिण एशियाको उदीयमान लगानी तथा औद्योगिक रूपान्तरण केन्द्र बन्न सक्छ । लगानी अन्ततः कानूनबाट मात्र आउँदैन, विश्वासबाट आउँछ । जब नेपाली उद्योगीले आफ्नै देशमा लगानी गर्दा सुरक्षित महसुस गर्छन्, जब विदेशी लगानीकर्ताले सम्झौता सम्मान हुन्छ भन्ने विश्वास गर्छन्, जब युवा उद्यमीले आफ्नो भविष्य नेपालमै देख्न थाल्छन्- त्यसपछि मात्र नेपाल वास्तविक अर्थमा लगानीमैत्री राष्ट्र बन्न सक्छ ।

*(साभार: अनलाइनखबर)*

# संविधान संशोधनको बहस र राजनीतिक सहमतिको औचित्य

श्रीराम श्रेष्ठ

नेपालको संविधान २०७२ केवल कानुनी दस्ताबेज मात्र होइन, दशकौं लामो राजनीतिक सैर्ष, जनआन्दोलन, सशस्त्र द्वन्द्व, मधेस आन्दोलन, समावेशिता र संघइि लोकतान्त्रिक गणतन्त्रको यात्राबाट निर्मित राष्ट्रिय राजनीतिक सहमति पत्र हो । यही कारण संविधान संशोधनको विषय केवल सरकारको प्रशासनिक वा संसदीय एजेन्डामा सीमित रहँदैन, बरु राज्यको राजनीतिक वैधता, ऐतिहासिक सम्झौता, लोकतान्त्रिक विश्वास र जनअपेक्षासँग प्रत्यक्ष जोडिन्छ । संविधान कार्यान्वयनको एक दशकको अनुभवपछि यसको केही व्यवस्था समयानुकूल परिमार्जन गर्नुपर्ने आवाज सत्ता, प्रतिपक्ष र सडकसम्मबाट उठ्दै आएको थियो । यद्यपि यसका लागि ठोस र संस्थागत पहल हुन सकेको थिएन । यही सन्दर्भमा नवगठित सरकारले १६ चैतको मन्त्रिपरिषद् बैठकमार्फत 'संविधान संशोधन बहस पत्र तयार गर्ने कार्यदल' गठन गरेपछि संविधान संशोधनबारे राजनीतिक दलहरूबिच औपचारिक अन्तर्क्रिया सुरु भएको छ ।

कार्यदलले विभिन्न दलहरूसँग सुझाव माग्न थालेको र दलहरूले पनि आफ्नो धारणा प्रस्तुत गर्न थालेकाले अब यो बहस सकारात्मक दिशातर्फ अघि बढ्ने सङ्केत देखिएको छ । नेपालमा संविधान निर्माणको प्रक्रिया विश्वकै जटिल राजनीतिक सङ्क्रमणमध्ये एक मानिन्छ । २०६२/०६३ को जनआन्दोलनपछि राजतन्त्रको अन्त्य गर्दै मुलुक संघइि लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरेको थियो । त्यसपछि निर्वाचित पहिलो संविधानसभाले संविधान निर्माणको जिम्मेवारी पाए पनि संघीयता, शासन प्रणाली, निर्वाचन प्रणाली, न्यायपालिका र पहिचानका विषयमा दलहरूबिच सहमति जुट्न नसक्दा संविधानसभा विघटन भयो ।

अन्ततः दोस्रो संविधानसभाबाट ०७२ मा संविधान जारी भयो, जुन कुनै एक दलको दस्ताबेज नभई नेपाली कांग्रेस, नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र), मधेस केन्द्रित दल, जनजाति प्रतिनिधि, महिला आन्दोलन, नागरिक समाज र विभिन्न सामाजिक समूहहरूको लामो संवाद, सहमति र सम्झौताबाट बनेको साझा दस्ताबेज थियो । त्यसैले संविधान संशोधनको बहस पनि सहमति, सौहार्दता र साझा स्वामित्वको भावनाबाट अघि बढ्न आवश्यक छ । संविधान संशोधनलाई दलगत टकराब वा सत्ता-प्रतिपक्षको प्रतिस्पर्धाको रूपमा होइन, कार्यान्वयनका अनुभवका आधारमा लोकतन्त्रलाई अझ प्रभावकारी, उत्तरदायी र समावेशी बनाउने अवसरका रूपमा हेर्न सकिए मात्र त्यसले अपेक्षित राजनीतिक तथा शासकीय सुधारको मार्ग प्रशस्त गर्न सक्छ ।

नेपालको संवैधानिक अभ्यास हेर्ने हो भने महत्त्वपूर्ण संवैधानिक परिवर्तनका लागि विश्वसनीय संरचना निर्माण गर्ने परम्परा देखिन्छ । ०४७ सालको संविधान निर्माणका बेला पनि संवैधानिक सुझाव आयोग बनेको थियो । विभिन्न संवैधानिक विवादहरू समाधान गर्न पूर्वप्रधानन्यायाधीश वा वरिष्ठ कानुनविद्को नेतृत्वमा आयोग बनाउने अभ्यास नेपालमा रहिआएको छ । यसको कारण के हो भने संविधानमाथिको बहस केवल दलगत स्वार्थले निर्देशित नहोस्, त्यसमा विधिशास्त्रीय गम्भीरता, ऐतिहासिक चेतना र राष्ट्रिय सहमतिको भावना समेत समावेश होस् भन्ने हो । अहिलेको कार्यदलमा यस्ता व्यापक प्रतिनिधित्व र विश्वसनीयताको अभाव देखिएको भन्दै उठेको आलोचनाहरू उत्तिकै विरोधका लागि भनिएका सामान्य राजनीतिक टिप्पणी होइनन् ।

अझ महत्त्वपूर्ण कुरा के छ भने वर्तमान सरकार आफैं ०७२, सालको संविधान स्वीकार गरेर भएको निर्वाचनको परिणामबाट बनेको हो । यदि संविधानलाई पूर्णरूपमा अस्वीकार गर्ने राजनीतिक शक्ति भएको भए परिस्थिति फरक हुन्थ्यो । तर यही संविधानको वैधानिक संरचनाबाट निर्वाचित सरकार हुँदा संशोधनको प्रक्रिया पनि त्यही संविधानको आत्मा अनुरूप समावेशी र सहमतिमूलक हुनुपर्ने अपेक्षा गरिनु स्वाभाविक हो । संविधान स्वीकार गरेर शासन सञ्चालन गर्ने अनि संशोधनका नाममा मूल सहमतिधारी शक्तिहरूलाई पाखा लगाउने प्रयास गरियो भने त्यसले राजनीतिक अविश्वास बढाउन सक्छ । राष्ट्रिय स्वतन्त्र पार्टी नयाँ राजनीतिक शक्ति भएकाले उसले पुराना दलहरूको कमजोरी, भ्रष्टाचार, प्रशासनिक असक्षमता र जनतामा बढेको निराशालाई आफ्नो राजनीतिक आधार बनाएको देखिन्छ । त्यसमा केही हदसम्म जनसमर्थन पनि प्राप्त भएको छ ।

तर संविधानको प्रश्न केवल पुराना विरुद्ध नयाँको बहस होइन । संविधान राज्यको निरन्तरता र स्थायित्वसँग सम्बन्धित विषय हो । त्यसैले नयाँ राजनीतिक शक्ति भएकै कारण पुराना राजनीतिक सहमतिहरूलाई पूर्णतः अस्वीकार गर्ने प्रवृत्ति लोकतान्त्रिक परिपक्वताको सङ्केत होइन । संविधान निर्माणमा योगदान दिएका दलहरूलाई केवल विगतका पुराना शक्ति भनेर उपेक्षा गर्नु इतिहासको वास्तविकतालाई ठाडै अस्वीकार गर्नु हो ।

संविधान कार्यान्वयनको दस वर्षे अनुभवले निश्चित रूपमा केही कमजोरी देखाएको छ । संघीयता कार्यान्वयनमा अधिकार बाँडफाँडको अस्पष्टता, प्रदेश संरचनाको प्रभावकारिता, राष्ट्रिय सभा र प्रतिनिधिसभाबिचको अधिकार सन्तुलन, संवैधानिक आयोगहरूको राजनीतिकरण, न्यायपालिकाको नियुक्ति प्रणाली, निर्वाचन प्रणालीको खर्चिलो स्वरूप र राजनीतिक अस्थिरता जस्ता प्रश्नहरू उठेका छन् ।

यी विषयमा बहस हुनु आवश्यक छ । तर यी समस्याको समाधान खोज्ने क्रममा संविधानको मूल मर्म र ऐतिहासिक सहमतिलाई कमजोर बनाउने प्रयास भयो भने त्यसले झन् ठुलो सङ्कट निम्त्याउन सक्छ । उदाहरणका लागि संघीयताको प्रश्नलाई हेरौं । संविधान निर्माणका समयमा संघीयता केवल प्रशासनिक पुनर्संरचना थिएन, यो ऐतिहासिक रूपमा बहिष्कृत समुदायहरूको राजनीतिक सहभागिताको बलियो माध्यम थियो । यदि संशोधनका नाममा प्रदेश संरचनालाई कमजोर बनाउने वा अत्यधिक केन्द्रीकरणतर्फ फर्कने प्रयास गरियो भने मधेस, जनजाति र क्षेत्रीय पहिचानका आन्दोलन फेरि चर्किन सक्छन् । त्यसैगरी समावेशी प्रतिनिधित्वको व्यवस्थालाई कमजोर बनाइयो भने संविधानले स्थापित गरेको सामाजिक न्यायको अवधारणामाथि नै प्रश्न उठ्न सक्छ ।

*साभार: रातोपाटी*

# इन्द्रसरोबरमा सवारी दुर्घटना, १ को मृत्यु, १८ घाइते



साझाकुरा संवाददाता

हेटौंडा, २३ जेठ/ मकवानपुरको इन्द्रसरोबर गाउँपालिका-३ धाराढोलास्थित दक्षिणकाली सडक खण्डमा सुमो र बोलेरो पिकअप गाडी एकआपसमा ठोक्किँदा एक जनाको मृत्यु भएको छ भने १८ जना घाइते भएका छन् ।

शनिबार करिब १२:३० बजे हेटौंडाबाट काठमाडौंतर्फ जाँदै गरेको ना १ ज ७२०७ नम्बरको सुमो र विपरीत दिशाबाट आउँदै गरेको बीएए ९७६८ नम्बरको बोलेरो पिकअप दुर्घटनामा परेका हुन् । प्रहरीको प्रारम्भिक अनुसन्धान अनुसार काठमाडौंको पेप्सीकोलास्थित एक पानी कम्पनीमा कार्यरत कामदारहरु पिकनिकका लागि सिस्नेरी आउँदै गर्दा बोलेरो अनियन्त्रित भई पल्टिने क्रममा सुमोसँग ठोक्किएको हो । दुर्घटनामा काभ्रेको पनौती नगरपालिका-१ घरभई हाल काठमाडौं बस्दै आएका ३७ वर्षीय पूर्णबहादुर तामाङको उपचारका क्रममा बीएण्डबी अस्पतालमा मृत्यु भएको मकवानपुर प्रहरीले जनाएको छ ।

दुर्घटनामा घाइते हुनेहरुमा काभ्रे घरभई हाल काठमाडौं पेप्सीकोला बस्ने ३० वर्षीय जुनुबाबु तामाङ, सुनसरी घरभई हाल भक्तपुर ठिमी बस्ने २१ वर्षीय समिर उरम, महोत्तरी घरभई हाल काठमाडौं पेप्सीकोला बस्ने २६ वर्षीय रबि मगर, नुवाकोट घरभई हाल काठमाडौं बस्ने १९ वर्षीय टंकबहादुर तामाङ, काभ्रे पनौती घरभई हाल ललितपुर हात्तीवन बस्ने ३० वर्षीय रोहन तामाङ रहेका छन् ।

काभ्रे कोशीपारी घरभई हाल काठमाडौं जडिबुटी बस्ने ४० वर्षीय कुमार खरेल, काभ्रे घरभई हाल काठमाडौं पेप्सीकोला बस्ने २४ वर्षीय रोशन लामा, काभ्रे पनौती घरभई हाल काठमाडौं बस्ने २८ वर्षीय सुरेश लामा, काभ्रे घरभई हाल काठमाडौं जडिबुटी बस्ने २६ वर्षीय सुरेश तामाङ, महोत्तरी बर्दिबास घरभई हाल काठमाडौं पेप्सीकोला बस्ने ४४ वर्षीय कृष्णबहादुर सुसलिङ, सोलुखुम्बु घरभई हाल काठमाडौं बस्ने २८ वर्षीय गोपी खड्का, रामेछाप घरभई हाल काठमाडौं जडिबुटी बस्ने २१ वर्षीय गुणराज भुजेल घाइते भएको मकवानपुर प्रहरीले जनाएको छ ।

महोत्तरी घरभई हाल काठमाडौं बस्ने २० वर्षीय कबिर मगर, रामेछाप घरभई हाल काठमाडौं बस्ने १९ वर्षीय सबिन मगर, ओखलढुंगा घरभई हाल काठमाडौं बस्ने १७ वर्षीय अर्जुन मगर, काभ्रे घरभई हाल काठमाडौं बस्ने १० वर्षीय शिशिर तामाङ, सिन्धुपाल्चोक बलेफी गाउँपालिका-६ निवासी ५५ वर्षीया लक्ष्मी श्रेष्ठ र काठमाडौं चन्द्रागिरि नगरपालिका-९ निवासी ४५ वर्षीया शान्ति महर्जन घाइते भएका छन् । प्रहरीकाअनुसार घाइतेमध्ये ११ जनाको अवस्था मध्यम र ७ जनाको अवस्था सामान्य रहेको छ ।

उनीहरुको काठमाडौंस्थित बीएण्डबी अस्पताल, बौद्ध अस्पताल तथा ट्रमा सेन्टरमा उपचार भइरहेको छ । दुर्घटनामा संलग्न सुमोचालक काठमाडौं चन्द्रागिरी नगरपालिका-१४ निवासी ४५ वर्षीय मनोज श्रेष्ठलाई प्रहरीले नियन्त्रणमा लिएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको मकवानपुर प्रहरीले जनाएको छ ।

# सर्वोत्तम सञ्चिति र सुन्दर...

सर्वोत्तम सञ्चिति बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष रामबहादुर बस्नेतले उत्पादनमुखी र उपभोक्तामैत्री दुई सहकारीबीचको एकताले संस्थाको जिम्मेवारी अझ बढाएको बताए । उनले सहकारीले निकट भविष्यमै 'सहकारी मार्ट' सञ्चालन गर्ने तयारी गरिरहेको जानकारी दिँदै आवश्यक आन्तरिक तयारी पूरा भइसकेको र उपयुक्त स्थानको खोजी भइरहेको बताए ।

स्वच्छ तथा मिसावट रहित खाद्यसामग्री उपभोक्तासम्म पुर्‍याउने लक्ष्यसहित मार्ट सञ्चालन गर्न लागिएको उनको भनाइ छ । सहकारीसँग आबद्ध ३८ वटा समूहले उत्पादन गरेका वस्तुको बजारीकरणका लागि सम्बन्धित समूहलाई नै बिक्रीकेन्द्र सञ्चालनको जिम्मेवारी दिने तयारीसमेत गरिएको अध्यक्ष बस्नेतले बताए ।

सहकारीले दैनिक करिब अढाइ मेट्रिकटन चामल, ५ सय किलोग्राम दाल तथा ४ सय ५० लिटर तेल उत्पादन क्षमता भएका मेसिन सञ्चालनमा ल्याएको जनाएको छ । संस्थाले मर्जअघि पछिल्लो १० महिनाको अवधिमा ५२ लाख रुपैयाँ नाफा आर्जन गरेको जानकारी सभामा दिइएको थियो । कार्यक्रममा सहकारीले उत्पादन गरेका तेल, पिठो, चामललगायत उपभोग्य वस्तुको प्रदर्शनी तथा बिक्री स्टलसमेत राखिएको थियो । एकीकृत संस्थाको नीति तथा कार्यक्रम, दुवै संस्थाका अध्यक्षको प्रतिवेदन र आर्थिक प्रतिवेदन प्रस्तुत गरिएको थियो ।

सुन्दर बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष शम्भु नकर्मीले साना पूँजी संकलन गरी आयमूलक क्षेत्रमा लगानी गर्दै आएको संस्थाले आगामी दिनमा बचत तथा ऋण कारोबारलाई थप व्यवस्थित बनाउँदै जिल्लाकै नमुना सहकारीका रुपमा स्थापित हुने लक्ष्यका साथ एकीकरण गरेको बताए । एक करोड ६ लाख रुपैयाँ शेयरपूँजी रहेको सुन्दर सहकारीमा करिब ८ सय सदस्य आबद्ध छन् । पछिल्लो समय घाटामा रहेको संस्थाको निक्षेप संकलन ३ करोड रुपैयाँ र ऋण लगानी २ करोड ७७ लाख रुपैयाँ रहेको छ ।

सर्वोत्तम सञ्चिति सहकारीको शेयरपूँजी ३ करोड ४७ लाख रुपैयाँ रहेको जनाइएको छ । दुवै संस्थाबीच भएको सहमतिअनुसार सर्वोत्तम सहकारीको विधानलाई स्वीकार गर्ने, मुख्य कार्यालय सर्वोत्तम सहकारीकै रहने, नेतृत्वमा सर्वोत्तम सहकारीको बहुमत रहने, दुवै संस्थाले एकअर्काको घाटा तथा दायित्व नब्यहोर्ने र आआफ्ना दायित्व व्यवस्थापन गरी शून्य दायित्वमा एकीकरण हुने सहमति भएको छ । कार्यक्रममा हेटौंडा उपमहानगर पालिका-१ का अध्यक्ष सविन न्यौपाने, वडा नम्बर ७ का अध्यक्ष दामोदर गौतम, सहकारीका सदस्य, शेयरधनी तथा विभिन्न संघसंस्थाका प्रतिनिधिको सहभागिता रहेको थियो ।

**मर्जरपछिको अध्यक्षमा बस्नेत**

एकीकरणपछि गठन भएको सर्वोत्तम सुन्दर संचिती सहकारी संस्थाको अध्यक्षमा रामबहादुर बस्नेत चयन भएका छन् ।

संस्थाको उपाध्यक्षमा हरिमाया ढकाल, सचिवमा रामनाथ वगाले, कोषाध्यक्षमा रेनु गुरुङ तथा सहसचिवमा विश्वनाथ ढकाल चयन भएका छन् । सहकारीको सदस्यमा ऋतु विष्ट, धनकुमारी राजथला, बुद्धिप्रसाद पौडेल र राजकुमार अधिकारी चयन भएका छन् । सहकारीको लेखासमिति संयोजकमा पशुपति रिजाल तथा सदस्यमा मोनिका खड्का र सम्झना कार्की चयन भएका छन् ।

# सिटी कलेजद्वारा बिबिएस नि:शुल्क अध्ययनको अवसर



साझाकुरा संवाददाता

हेटौंडा, २३ जेठ/ हेटौंडा-५ स्थित हेटौंडा सिटी कलेजले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत् चारवर्षे स्नात्तक तह (बिबिएस) मा अध्ययन गर्न चाहने विद्यार्थीलाई नि:शुल्क अध्ययन अवसर प्रदान गर्ने घोषणा गरेको छ ।

कलेजले शनिबार पत्रकार सम्मेलनमार्फत् यो जानकारी सार्वजनिक गरेको हो । कलेजमा आयोजित पत्रकार सम्मेलनमा कलेजका प्राचार्य श्रीबहादुर कार्कीले उच्चशिक्षालाई सबैका लागि सहज, पहुँचयोग्य तथा समावेशी बनाउने उद्देश्यका साथ विशेष योजना ल्याइएको जानकारी दिएका छन् । ४० जना विद्यार्थीको सीमित कोटा राखेर यो कार्यक्रम अन्तर्गत नि:शूल्क लेखाप्रशिक्षण, कम्प्युटर तालिमसहित अन्य विभिन्न तालिम दिएर कलेजबाट अध्ययन पुरा गरेका विद्यार्थीलाई व्यवसाय सञ्चालन गर्दै रोजगारी प्रदान गर्न सक्ने अवसर प्रदान गरिने उनले बताए ।

कक्षा-१२ को परीक्षा उत्तीर्ण गरेर पढ्नका लागि आवश्यक जीपिए ल्याएका विद्यार्थीलाई कलेजबाट सीप सिकेर गएपछि आत्मानिर्भताको वातावरण मिलाउने र कलेजको नाम राख्नेगरी भर्ना गराइने उनले बताए । प्राचार्य कार्कीका अनुसार अध्ययनको लागि त्रिविको नियमअनुसार लाग्ने शुल्क तथा परीक्षा फारम बाहेक अन्य शुल्क लाग्ने छैन । कलेजले यसको लागि तयारीकक्षा सञ्चालन गर्ने जनाएको छ । समाजप्रति थप जिम्मेवार र योगदानमुखी भूमिका निर्वाह गर्ने आफूहरुको उद्देश्य रहेको उनले बताए ।

कार्यक्रमको कार्यविधि, छनोट प्रक्रिया, आवेदनको समयसीमा तथा अन्य आवश्यक सर्तसम्बन्धी विस्तृत जानकारी छिट्टै सार्वजनिक गरिने कलेज प्रशासनले जनाएको छ । पत्रकार सम्मेलनमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रमिता पाण्डे, प्रशासनप्रमुख सुमन्त सिलवाल, पत्रकार महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारीलगायतको उपस्थिति रहेको थियो ।

# चौघडामा जनकल्याणको विस्तारित मञ्च

साझाकुरा संवाददाता

हेटौंडा, २३ जेठ/ हेटौंडा-६ चौघडामा रहेको जनकल्याण बचत तथा ऋण सहकारी संस्थाको विस्तारित बैठक चौघडास्थित बंशगोपाल मन्दिरमा शनिवार सम्पन्न भएको छ ।

संस्थाको चालु आर्थिक वर्ष २०८२/८३ को स्वीकृत कार्यक्रमअनुसार विस्तारित बैठक आयोजना गरिएको हो । संस्थाले गरेका विभिन्न कार्य र आगामी वर्षमा के कस्ता काम गर्नुपर्छ भन्ने बारेमा जानकारी दिने र लिने विषयमा छलफल गर्न विस्तारित मञ्चको आयोजना गरिएको हो । संस्थाका ब्यवस्थापक दीपेन्द्र गौतमले संस्थाले गरेका कार्य र आर्थिक विवरण पेश गरेका थिए । सहभागी शेयर सदस्यले समयसापेक्ष ब्याजदरमा परिवर्तन, महिला केन्द्रित कार्यक्रम, सीपमूलक तालिम, शैक्षिक कर्जामा सहुलियत ऋण जस्ता कार्यक्रम सञ्चालन गरी सहकारी संस्थाले उदाहरणीय काम गरेको बताए ।

भविष्यमा युवालक्षित कार्यक्रम, ब्यवसाय सञ्चालन गर्ने महिलालाई ब्याजमा छुटको ब्यवस्था, उत्कृष्ट बचतकर्ता र ऋणीलाई सम्मान, पशुपालन तथा कृषिऋणमा सहुलिय दिनुपर्नेमा सहभागीले सुझाव दिएका थिए । कार्यक्रममा संस्था सञ्चालक समिति, लेखा समिति, सल्लाहकार, शेयरसदस्य, कर्मचारी, सञ्चारकर्मीलगायतको सहभागिता थियो ।

२०५३ सालमा स्थापित सहकारीमा १ हजार ३ सय ७७ महिला १ हजार १ सय ३ पुरुष र अन्य ८ गरी कुल २ हजार ४ सय ८८ जना शेयरसदस्य रहेका छन । संस्थाको शेयरपूँजी २ करोड ७६ लाख ३८ हजार, निक्षेप २७ करोड ३८ लाख ८७ हजार र ऋणलगानी १८ करोड ७६ लाख १४ हजार रहेको संस्थाले जनाएको छ ।

# राक्सिराङका २५ सय बढी विद्यार्थीलाई विद्यालय पोशाक वितरण



साझाकुरा संवाददाता

हेटौंडा, २३ जेठ/ मकवानपुरको विकट राक्सिराङ गाउँपालिकाका २ हजार ५ सयभन्दा बढी विद्यार्थीलाई विद्यालय पोशाक वितरण गरिएको छ ।

जर्मन संस्था लिसा हिमालयन ईभीको आर्थिक सहयोग तथा दिगो विकासका लागि एकता नेपालको व्यवस्थापनमा सञ्चालित 'शिक्षा, स्वास्थ्य तथा जीविकोपार्जन सहयोग परियोजना' अन्तर्गत पोशाक वितरण गरिएको हो । परियोजनाले गाउँपालिकाको वडा नं. ६, ७ र ८ अन्तर्गत रहेका १६ वटा सामुदायिक विद्यालय, विद्यालयमा सञ्चालित १६ वटा प्रारम्भिक बालविकास केन्द्र (ईसीडी) तथा ६ वटा समुदायमा आधारित ईसीडीमा अध्ययनरत बालबालिकालाई सहयोग उपलब्ध गराएको हो । विद्यार्थीलाई विद्यालय पोशाकसँगै झोला र चप्पलसमेत वितरण गरिएको परियोजना व्यवस्थापक अनिल पौडेलले जानकारी दिएका छन् ।

विगत १५ वर्षदेखि यसक्षेत्रमा सक्रिय संस्थाले हाल पाँचवर्षे एकीकृत परियोजना सञ्चालन गरि रहेको छ । पहिलो वर्ष २ हजार ४४८ विद्यार्थीलाई सहयोग गरिएकोमा यसवर्ष सहयोगको दायरा विस्तार गरी २५ सयभन्दा बढी विद्यार्थीलाई समेटिएको छ । नेपालकै गरिबीको दर उच्च भएका क्षेत्रमध्ये एक मानिने राक्सिराङमा करिब ५२ प्रतिशत चेपाङ समुदायको बसोबास छ भने बाँकी तामाङ र दलित समुदायका परिवार रहेका छन् । संस्थाले विद्यार्थीको पोषण र स्वास्थ्यलाई प्राथमिकता दिँदै तीनवटै वडाका २२ विद्यालयमा दिवाखाजाको व्यवस्था गरेको छ ।

खाजाका लागि आवश्यक खाद्य सामग्री तथा खाना पकाउने एलपी ग्यास गाडी पुग्ने स्थानसम्म संस्थाले नै ढुवानी गरेर उपलब्ध गराउँदै आएको छ । परियोजना अन्तर्गत् स्थानीय कृषकलाई उन्नत जातका मकै, कोदो, धान तथा तरकारीका बीउ वितरण गर्नुका साथै प्राविधिक सहयोग पनि उपलब्ध गराइँदै आएको छ । यसले स्थानीय बासिन्दाको आयआर्जन वृद्धि गर्न सहयोग पुगेको बताइएको छ ।

# वैदेशिक रोजगारीको नाममा ठगी गर्ने पक्राउ



काठमाडौं/आर्कषक सेवा सुविधाको प्रलोभन देखाइ ग्रीस र जापान पठाइदिन्छु भन्दै ठगी गरेको अभियोगमा प्रहरीले दुई जनालाई पक्राउ गरेको छ ।

नेपाल प्रहरीको केन्द्रीय समाचार कक्षका अनुसार वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमा पारी ठगी गरेको अभियोगमा २ जनालाई काठमाडौंबाट पक्राउ गरेको हो । पक्राउ पर्नेहरूमा काठमाडौं महानगरपालिका ३ बस्ने लक्ष्मी थापा कार्की र बुढानिलकण्ठ-८ बस्ने प्रिया बानियाँ रहेका छन् । पक्राउमध्ये लक्ष्मीले ग्रीस पठाइदिन्छु भन्दै एकजनासँग रु ११ लाख ५० हजार लिएको पाइएको छ ।

यस्तै, प्रियाले जापान पठाइदिन्छु भन्दै एक पीडितबाट रु दुई लाख लिई सम्पर्कविहीन भएको भन्ने पीडितको उजुरीको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले खोज तलास गरेको थियो । उनीहरूलाई आवश्यक अनुसन्धान तथा कारवाहीको लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं पठाइएको प्रहरीले जनाएको छ ।

# एकदिने उपचारात्मक स्वास्थ्य शिविर सम्पन्न

साझाकुरा संवाददाता

हेटौंडा, २३ जेठ/ अपाङ्गता भएका व्यक्ति तथा उनीहरुका परिवारका सदस्यलाई लक्षितगरी सञ्चालन गरिएको एकदिने उपचारात्मक स्वास्थ्य शिविर सम्पन्न भएको छ ।

मकवानपुरगढी गाउँपालिकाको आर्थिक सहयोग तथा मकवानपुर अपाङ्ग उत्थान समाजको आयोजनामा आमभञ्ज्याङ स्वास्थ्यचौकी, मकवानपुरगढी-५, मा भएको शिविरमा ५० जनासेवाग्राहीले स्वास्थ्यपरीक्षण, उपचार तथा स्वास्थ्य परामर्श सेवा प्राप्त गरेका थिए । अपेक्षा गरिए भन्दा बढी सेवाग्राहीको सहभागिता रहेको आयोजकले जनाएको छ । शिविरमा सहभागी अपाङ्गता भएका व्यक्ति तथा उनीहरुका परिवारका सदस्यलाई स्वास्थ्यअवस्थाअनुसार आवश्यक उपचार, औषधि तथा स्वास्थ्यसम्बन्धी परामर्श प्रदान गरिएको थियो । अपाङ्गता भएका व्यक्तिको स्वास्थ्य आवश्यकतालाई विशेष प्राथमिकतामा राखी सेवा उपलब्ध गराइएको आयोजक संस्थाले जनाएको छ ।

अपाङ्गता भएका व्यक्तिलाई आवश्यक पर्ने विभिन्न सहायक सामग्री वितरणका लागि आवश्यक नापजाँच तथा विवरण संकलन गर्ने कार्य गरिएको थियो । यसबाट आगामी दिनमा आवश्यक सहायक सामग्री उपलब्ध गराउन सहज हुने विश्वास लिइएको छ ।

मकवानपुर अपाङ्ग उत्थान समाजका सचिव कान्तिराज मैनालीले शिविर अत्यन्त प्रभावकारी, उपलब्धिमूलक तथा सेवाग्राहीमुखी रुपमा सम्पन्न भएको बताउँदै अपाङ्गता भएका व्यक्तिको स्वास्थ्य तथा पुनर्स्थापना सेवामा पहुँच अभिवृद्धि गर्न यस्ता कार्यक्रमलाई आगामी दिनमा पनि निरन्तरता दिइने जानकारी दिए ।

## होल्डिङ सेन्टरका सुकुमवासी :

# ४० दिनदेखि टेन्टमुनिको बास, गर्मी बढेसँगै थपिँदै समस्या

काठमाडौं/कीर्तिपुरको राधास्वामी सत्संग आश्रमको होल्डिङ सेन्टरमा बस्दै आएका ३९ वर्षीय भेषराज दर्जीको बिहीबार दिउँसो वीर अस्पतालको आईसीयूमा मृत्यु भयो । सोमबार साँझ अचानक बेहोस भएका उनलाई परिवार र छिमेकीहरूले एक घण्टा हारगुहार गरेर एम्बुलेन्स बोलाउन सकेका थिए । यसरी अस्पताल पुर्‍याइएको तीन दिनपछि उनी बिते ।

शरीरको देब्रेपाटो चल्न छोडेको, ह्वीलचेयरमा निर्भर उनको स्वास्थ्य होल्डिङ सेन्टरमा आइसकेपछि झन् बिग्रिँदै गएको थियो । श्रीमती विमला सुनारकाअनुसार पाँच वर्षदेखि फोक्सोमा पानी जम्ने रोगले ग्रस्त थिए, भेषराज । होल्डिङ सेन्टर आएपछि उनलाई थप गाऱ्हो भएको थियो ।

गत वैशाख १२ गते सरकारले काठमाडौंका विभिन्न नदी किनारका सुकुमवासी बस्तीमा डोजर चलायो । त्यही क्रममा गैरीगाउँको सुकुमवासी बस्ती पनि उठाइयो । भेषराज, उनकी श्रीमती विमला र दुई वर्षको छोरालाई कीर्तिपुरको राधास्वामी सत्संग आश्रमको होल्डिङ सेन्टरमा सारियो । त्यस दिनदेखि उनीहरूको जीवन पूरै उथलपुथल भएको थियो ।

पहिले जसोतसो चलेको दैनिकी पूरै बन्द भयो । भेषराज होटलमा काम गर्थे । अन्यत्र ज्यामी काम गर्थे । बिरामी भएपछि त्यो काम पनि छुटेको थियो । श्रीमती विमला मैतिदेवीका घरघर गएर ज्यामी काम गरेर गुजारा चलाइरहेकी थिइन् । होल्डिङ सेन्टरमा आएपछि श्रीमतीको नियमित काम पनि रोकियो ।

'मैले काम गरेर विरामीलाई दबाइ, माछा मासु, फलफूल... सबै मैले नै गरेको थिएँ,' विमलाले दुखेसो पोखिन्, 'यहाँ आएपछि त्यो पनि भएन । खाना सबै सरकारले दिएअनुसार भयो । नराम्रो त भन्न मिल्दैन, तर आफ्नो सुरमा भएका तालमेल सबै बिग्रिए । माछामासु अब यहाँ नखाने... जे दियो त्यही खाने, आफू किनेर खुवाउन पैसा कमाइ बन्द भयो । अनि गाह्रो भयो ।' त्यसैले होल्डिङ सेन्टरमा पुगेपछि भेषराजको स्वास्थ्य थप बिग्रिएको दाबी श्रीमतीको छ ।

उसै त उनी लामो समयदेखि बिरामी थिए । पाँच वर्षअघि झापाबाट उपचारका लागि काठमाडौं आएका थिए । एकाएक पेट दुख्न थालेपछि जाँच गर्दा फोक्सोमा पानी जमेको थाहा भयो । चिकित्सकले समय समयमा पानी निकाल्नुपर्ने बताएका थिए ।

यसरी होल्डिङ सेन्टरमा छिमेकी बितेपछि गीता लामामा पनि चिन्ता थपिएको छ । 'यहाँ त हामीलाई बहुत गाह्रो छ । यस्तो गर्मीमा टेन्टभित्र उकुसमुकुस छ । यस्तो अवस्थामा कसरी बस्नसक्नु ?,' उनले प्रश्न गरिन्, 'हाम्रो यहींका भेषराज भाइ पनि बिते । अब यसको जिम्मा कसले लिन्छ र ?' हुन पनि करिब ४० दिनदेखि उनीहरू होल्डिङ सेन्टरभित्रको टेन्टमा छन् ।

*(स्रोत: अनलाइनखबर)*

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*




### चुरे संकट: नीति, राजनीति र संरक्षणबीचको गम्भीर द्वन्द्व

# ‘चुरे जोगिएन भने तराईको जनजीवन नै संकटमा पर्न सक्छ’

साझाकुरा संवाददाता

हेटौंडा, २३ जेठ/ नेपालको वातावरणीय सन्तुलन, जलसुरक्षा तथा जैविकविविधताको प्रमुख आधार मानिएको चुरेक्षेत्र संरक्षणका सवालमा नीतिगत प्रतिबद्धता र व्यवहारिक कार्यान्वयन बीच गहिरो अन्तर देखिएको छ ।

राज्यका विभिन्न तहबाट जलवायुमैत्री र प्रकृतिमैत्री विकासका नारा अघि सारिए पनि चुरेक्षेत्रमा भइरहेको वन विनाश, नदीजन्य पदार्थको अनियन्त्रित उत्खनन् र बढ्दो राजनीतिक हस्तक्षेपले संरक्षण अभियानलाई चुनौती थपिरहेको सरोकारवालाले बताएका छन् । वातावरण तथा प्राकृतिक स्रोत व्यवस्थापनका विज्ञ एवं राष्ट्रपति चुरे संरक्षण विकास समितिका पूर्वअध्यक्ष डा. किरण पौडेलले चुरेलाई नेपालको मात्र नभई दक्षिण एशियाकै जलप्रणालीको महत्वपूर्ण आधारकारुपमा व्याख्या गरेका छन् ।



उनकाअनुसार चुरेक्षेत्रले नेपालको तराई भूभागदेखि भारतको विशाल गंगा मैदानसम्मको भूमिगत जलभण्डारलाई पुनर्भरण गर्ने प्राकृतिक प्रणालीको रुपमा काम गर्दै आएको छ । डा.पौडेलका अनुसार चुरेक्षेत्रलाई सामान्य भौगोलिक क्षेत्रका रुपमा मात्र बुझ्नु ठूलो भूल हुनेछ । ‘चुरे दक्षिण एशियाकै सबैभन्दा संवेदनशील र कमजोर पर्वतीय शृंखला हो । यसले तराई र गंगा मैदानसम्मको जल प्रणालीलाई सन्तुलित राख्न महत्वपूर्ण भूमिका खेल्छ,’ उनले भने, ‘यदि चुरेको वन विनाश र भूक्षय रोक्न सकिएन भने भूमिगत पानीको स्रोतमा गम्भीर असर पर्नेछ, जसको प्रभाव करोडौं मानिसको खानेपानी र कृषि उत्पादनमा देखिनेछ ।’

उनकाअनुसार चुरेक्षेत्रको क्षति केवल वातावरणीय विषय मात्र होइन, यो सामाजिक र आर्थिक संकटसँग पनि प्रत्यक्ष जोडिएको छ । पानीका स्रोत सुक्दै जाँदा त्यसको सबैभन्दा ठूलो असर सीमान्तकृत समुदाय, भूमिहीन किसान तथा महिलामाथि पर्ने उनले बताए । जैविक विविधताको दृष्टिले समेत चुरे नेपाल र भारतका संरक्षित क्षेत्रलाई जोड्ने महत्वपूर्ण जैविकमार्ग भएकाले यसको संरक्षण क्षेत्रीय आवश्यकता बनेको उनको भनाइ छ । डा. पौडेलले संघीयता कार्यान्वयनपछि स्थानीय तह आर्थिक स्रोतको दबाबमा परेकाले चुरेका नदी तथा खोलाबाट ढुंगा, गिट्टी र बालुवा उत्खननलाई प्रमुख आम्दानीको स्रोत बनाएको बताए ।

उनले वैज्ञानिक अध्ययन र वातावरणीय मूल्यांकनबिना भइरहेको उत्खननले नदीप्रणाली तथा जलाधार क्षेत्रमा दीर्घकालीन असर पारिरहेको उल्लेख गरे । ‘समस्या उत्खननमै मात्र होइन, यसको अनियन्त्रित र अवैज्ञानिक प्रयोगमा छ,’ उनले भने, ‘नीतिगतरुपमा वातावरण संरक्षणका आकर्षक कार्यक्रम घोषणा गरिन्छन् तर, कार्यान्वयन तहमा न त पर्याप्त प्राविधिक क्षमता छ, न त वातावरणीय संवेदनशीलता बुझ्ने इच्छाशक्ति नै देखिन्छ ।’ उनकाअनुसार स्थानीय सरकारलाई प्राकृतिक स्रोतको दोहनबाहेक अन्य दिगो आर्थिक विकल्प उपलब्ध गराउन नसक्दा समस्या झन् जटिल बन्दै गएको छ । पर्यावरण पर्यटन, कृषि वनप्रणाली, दिगो वन व्यवस्थापन तथा स्थानीय उद्यम विकासजस्ता कार्यक्रममार्फत् संरक्षण र आर्थिक विकासलाई सँगसँगै लैजानुपर्ने आवश्यकता उनले औंल्याए ।

चुरे संरक्षणको प्रमुख निकाय राष्ट्रपति चुरे संरक्षण विकास समितिमा पछिल्ला वर्षमा बढ्दो राजनीतिक हस्तक्षेपले संरक्षण अभियान कमजोर बनेको आरोप पनि डा. पौडेलले लगाए । उनकाअनुसार प्राविधिक र वैज्ञानिक संस्था राजनीतिक भागबन्डाको केन्द्र बन्दा संरक्षणका दीर्घकालीन लक्ष्य प्रभावित भएका छन् । उनले विकास समितिलाई राजनीतिक प्रभावबाट मुक्तगरी स्वायत्त र विज्ञ नेतृत्वमा सञ्चालन गर्नुपर्नेमा जोड दिए । वन, जलाधार व्यवस्थापन, वातावरण तथा जलशास्त्र क्षेत्रमा अनुभव भएका विज्ञलाई नेतृत्वमा ल्याउन सकेमात्र संरक्षण अभियानले प्रभावकारी परिणाम दिनसक्ने उनको विश्वास छ ।

हाल विश्व खाद्य तथा कृषि संगठन (एफएओ) अन्तर्गत सञ्चालित चुरे उत्थानशील आयोजनाको नेतृत्व गरिरहेका डा. पौडेलले स्थानीय समुदायको सहभागिताबिना चुरे संरक्षण सम्भव नभएको बताए । उनकाअनुसार चुरेक्षेत्रका महिला, दलित, आदिवासी तथा सीमान्तकृत समुदायलाई संरक्षणको केन्द्रमा राखेर विभिन्न कार्यक्रम सञ्चालन भइरहेका छन् । आयोजनाअन्तर्गत २६ वटा नदी प्रणालीमा पारिस्थितिकीय पुन:स्थापनाको काम भइरहेको उनले जानकारी दिए । स्थानीयस्तरमा पोखरी निर्माण, भूमिगत जल पुनर्भरण, गल्छी नियन्त्रण तथा बाँस रोपणका कार्यक्रम सञ्चालन गरिएको छ । यस्ता कार्यक्रमले एकातिर वातावरणीय संरक्षणमा योगदान पुऱ्याएको छ भने अर्कोतर्फ स्थानीय समुदायको आयआर्जनमा समेत सहयोग पुगेको उनले बताए ।

उनले चुरे संरक्षण विकास समितिको पुनर्संरचना गरी यसलाई पूर्णरुपमा स्वायत्त, अधिकारसम्पन्न तथा अनुसन्धानमुखी संस्थाकारुपमा विकास गर्नुपर्ने सुझाव दिए । साथै नेतृत्व चयनमा राजनीतिक भागबन्डा अन्त्य गरी खुला प्रतिस्पर्धाबाट विषयगत विज्ञलाई अवसर दिनुपर्ने उनको धारणा छ । डा. पौडेलका अनुसार चुरे संरक्षण कुनै एक निकाय वा सरकारको मात्र जिम्मेवारी नभई राष्ट्रिय दायित्वको विषय हो ।

# बागमतीका उत्कृष्ट चालक-सहचालक सम्मानित

साझाकुरा संवाददाता



हेटौंडा, २३ जेठ/चालक तथा सहचालकको सम्मान र हौसला अभिवृद्धि गर्ने उद्देश्यले बागमती प्रदेश सरकारको श्रम, रोजगार तथा यातायात मन्त्रालयले प्रदेशभरका उत्कृष्ट चालक तथा सहचालकलाई सम्मान गरेको छ ।

भरतपुर महानगर पालिका-१ स्थित चितवन उद्योग वाणिज्य संघको सभाहलमा आयोजित विशेष कार्यक्रममा प्रदेशका विभिन्न जिल्लामा सार्वजनिक यातायात सेवा सञ्चालन गर्दै आएका १६ जना चालक र १६ जना सहचालकलाई नगदसहित सम्मान गरिएको हो । सम्मानित हुनेमध्ये सबैभन्दा धेरै संख्या मकवानपुर जिल्लाका चालक तथा सहचालक रहेका छन् । पुरानो नारायणी यातायात व्यवसायी संघ मकवानपुरको समन्वयमा आयोजित कार्यक्रममा सार्वजनिक यातायात क्षेत्रमा दीर्घकालीन सेवा, दुर्घटनारहित यात्रुसेवा, अनुशासन, जिम्मेवारीबोध तथा सेवाप्रतिको समर्पणलाई आधार मानेर मूल्यांकन गरिएको थियो ।

मूल्यांकनमा उत्कृष्ट ठहरिएका चालकलाई जनही २० हजार रुपैयाँ तथा सहचालकलाई जनही १५ हजार रुपैयाँ नगद पुरस्कार, मेडल र सम्मानपत्र प्रदान गरिएको मन्त्रालयले जनाएको छ । मन्त्रालयकी महाशाखा प्रमुख सुनिता गजुरेलको सभाध्यक्षतामा सम्पन्न कार्यक्रममा चितवनका प्रमुख जिल्ला अधिकारी गणेश अर्याल प्रमुखअतिथिका रुपमा सहभागी थिए । हेटौंडा-काठमाडौं, हेटौंडा-सिन्धुली तथा बागमती प्रदेशका विभिन्न रुटमा लामो समयदेखि सेवा दिँदै आएका चालक तथा सहचालकको कार्यसम्पादन, सेवाको गुणस्तर, अनुशासन तथा दुर्घटनाको अभिलेखका आधारमा सम्मानका लागि छनोट गरिएको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख जिल्ला अधिकारी अर्यालले यातायात क्षेत्रलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउन चालक तथा सहचालकको भूमिका अत्यन्त महत्वपूर्ण रहेको बताए । उनले सार्वजनिक यातायातक्षेत्रमा देखिने विकृति, अव्यवस्था र गैरजिम्मेवार प्रवृत्तिको अन्त्यका लागि सबै सरोकारवालाले एकजुट भएर काम गर्नुपर्नेमा जोड दिए । ‘यातायात सेवा केवल सवारी चलाउने काम मात्र होइन, हजारौं यात्रुको जीवन र सुरक्षासँग जोडिएको जिम्मेवारी पनि हो,’ उनले भने, ‘सुरक्षित यात्राको सुनिश्चितता गर्न चालक र सहचालकले अझ जिम्मेवार बन्नुपर्छ ।’

उनले विगतको तुलनामा अहिले चालक तथा सहचालकको पेशालाई बढी सम्मानजनक र व्यवस्थित बनाउने प्रयास भइरहेको उल्लेख गर्दै श्रमको सम्मान गर्ने संस्कार विकास गर्नुपर्ने धारणा राखे । कामगर्ने क्रममा विभिन्न चुनौती र समस्या आउन सक्ने भएपनि समाधानमुखी सोचका साथ अघि बढ्नुपर्ने उनको सुझाव थियो । कार्यक्रममा महाशाखा प्रमुख गजुरेलले सम्मानित व्यक्तिको छनोट प्रक्रिया पारदर्शी र वस्तुगत आधारमा गरिएको बताइन् । कुनै चालक वा सहचालकले सेवाअवधिमा दुर्घटना गराएको छ कि छैन, अनुशासनहीन गतिविधिमा संलग्न छ कि छैन तथा यात्रुप्रति कस्तो व्यवहार देखाएको छ भन्ने पक्षलाई विशेषरुपमा मूल्यांकन गरिएको उनको भनाइ थियो ।

कार्यक्रममा नारायणी यातायात व्यवसायी संघ मकवानपुरका अध्यक्ष हीरालाल श्रेष्ठ, चितवन जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरीउपरीक्षक (एसपी) रामेश्वर पौडेल, यातायात व्यवसायी संघका पदाधिकारी, चालकसहचालक तथा विभिन्न सरकारी कार्यालयका प्रतिनिधिको उपस्थिति रहेको थियो । बागमती प्रदेश सरकारले केही वर्षयता सार्वजनिक यातायात क्षेत्रमा उत्कृष्ट कार्यगर्ने चालक तथा सहचालकलाई सम्मान गर्दै आएको छ ।


भूटनदेवी माध्यमिक विद्यालय
हेटौंडा-४, मकवानपुर
कक्षा ११ मा नयाँ भर्ना
खुल्यो ! खुल्यो ! खुल्यो !
“इतिहासमा गौरव बोकेको, गुणस्तरीय शिक्षाको विश्वासिलो नाम भूटनदेवी माध्यमिक विद्यालयमा कक्षा ११ को नयाँ भर्ना खुलिसकेको छ ।”
अब आफ्नो उज्ज्वल भविष्यको सुरुवात गर्नुहोस् अनुभवी शिक्षक, आधुनिक शिक्षण प्रणाली र अनुशासित शैक्षिक वातावरणसहित ।
• विज्ञान विषय (Science)
• व्यवस्थापन विषय (Management / Commerce)
• होटल म्यानेजमेन्ट विषय (Hotel Management)
• सिभिल इन्जिनियरिङ विषय (Civil Engineering)
• शिक्षा विषय र कम्प्युटर विषयमा भर्ना खुलेको सहर्ष जानकारी गराउदछौं ।
शैक्षिक उत्कृष्टताको लामो इतिहास बोकेको हाम्रो विद्यालय अहिले ISO Certification प्रक्रियामा अगसर हुँदै अझ गुणस्तरीय र अन्तर्राष्ट्रिय स्तरको शिक्षातर्फ उन्मुख छ ।
“आजको सही निर्णय, भोलिको सफल भविष्य ।”
• तपाईंको सपना र सफलताको यात्रामा
हाम्रा विशेषताहरू :
- दक्ष तथा अनुभवी शिक्षक
- व्यवस्थित कक्षा कोठा
- आधुनिक प्रयोगशाला
- प्रविधिमैत्री शिक्षण
- उत्कृष्ट नतिजा
- GPA अनुसार पूर्ण छात्रवृत्तिको व्यवस्था भएको
- पर्याप्त खेल मैदान
भूटनदेवी माध्यमिक विद्यालय - सधैं एक कदम अगाडि । आजै आफ्नो सिट सुरक्षित गर्नुहोस् ।
थप जानकारी तथा भर्नाका लागि विद्यालय प्रशासनमा सम्पर्क गर्नुहोस् ।
सम्पर्क नं. ०५७-५२०४२०
९८५५०७०५३५, ९८४५५५९५०८
भूटनदेवी माध्यमिक विद्यालय- शिक्षा, अनुशासन र सफलताको पहिचान ।


# प्याक्सन मकवानपुरद्वारा २९४ विद्यार्थी सम्मानित

साझाकुरा संवाददाता

हेटौंडा, २३ जेठ/निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (प्याब्सन) मकवानपुरले वि.सं.२०८२ सालको माध्यमिक शिक्षा परीक्षा (एसईई) मा उत्कृष्ट नतिजा हासिल गर्ने २९४ जना विद्यार्थीलाई सम्मान गरेको छ ।

प्याब्सन मकवानपुरका अध्यक्ष बिनोद सुवेदीको अध्यक्षतामा आयोजित कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानको प्रमुखआतिथ्यता थियो । एसईई परीक्षामा ४ जीपीए प्राप्त गर्ने मकवानपुरका १३ जना विद्यार्थीलाई जनही पाँच हजार रुपैयाँ नगद, प्रमाणपत्र तथा खादा पहिरन गरी सम्मान गरिएको थियो । ३.६० भन्दा माथि जीपीए हासिल गर्ने विद्यार्थीलाई प्रमाणपत्र, मायाको चिनो र खादा पहिरन गरिएको थियो । कार्यक्रममा ४ जीपीएसहित उत्कृष्ट नतिजा ल्याउन सफल बालजागृति इङ्लिस सेकेन्डरी विद्यालय, ज्ञानदीप शिक्षा निकेतन, नवोदय शिशुसदन, ब्रह्मदिक एकेडेमी र फ्याम्कोल एकेडेमीलाई सम्मान गरिएको थियो ।

शतप्रतिशत नतिजा ल्याउन सफल तुल्सी मेहर मेमोरियल माध्यमिक विद्यालय, ज्ञानोदय बालवाटिका आवासीय माध्यमिक विद्यालय, पालुङ इङ्लिस सेकेन्डरी विद्यालय, पालुङ मोडर्न इङ्लिस मिडियम विद्यालय तथा पालुङ भ्याली हार्ट एकेडेमीलाई पनि सम्मान गरिएको थियो । औसत जीपीए ३.४२ सहित उत्कृष्ट नतिजा ल्याउने सिद्धार्थ शिशुसदन माध्यमिक विद्यालय, औसत जीपीए ३.३१ सहित सोलिड्यारिटी इन्टर नेसनल एकेडेमी तथा औसत जीपीए ३.१२ सहित जेनिथ इन्टरनेसनल सेकेन्डरी विद्यालयलाई सम्मान प्रदान गरिएको थियो ।

सामुदायिक विद्यालयतर्फ ४ जीपीए हासिल गराउन सफल बालज्योति माध्यमिक विद्यालयलाई सम्मान गरिएको थियो । कार्यक्रममा राष्ट्रिय परीक्षा बोर्ड हेटौंडा शाखाप्रमुख बद्री पाठक, शिक्षा विकास तथा समन्वय इकाइ मकवानपुरका प्रमुख सुदीप गिरी, प्याब्सन मकवानपुरका सल्लाहकार मदनकुमार दाहाल, ऋषिराम आचार्यलगायतको आतिथ्य रहेको थियो ।

# बागमतीमा ईनार सफा गर्ने क्रममा एकको मृत्यु


साझाकुरा संवाददाता

हेटौंडा, २३ जेठ/ मकवानपुरको बागमती गाउँपालिका-८ सातलेमा ईनार सफागर्ने क्रममा एकजनाको मृत्यु भएको छ भने दुईजना घाइते भएका छन् ।

प्रहरीका अनुसार बागमती गाउँपालिका-८ ठोटरीखोला निवासी मीनबहादुर योञ्जनको ईनार सफा गर्ने क्रममा मृत्यु भएको हो । शनिबार दिउँसो ३ बजेतिर ईनार भित्र बेहोस भएका उनलाई उद्धार गर्ने प्रयास गरिए पनि घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ । घटनामा उनका भतिज नबीन योञ्जन र भान्जा समिर वाइबा घाइते भएका छन् । घाइते दुवैजनालाई उपचारका लागि फापरबारी लगिएको छ ।

स्थानीयले ईनारभित्र अक्सिजनको अभाव वा विषालु ग्यासका कारण घटना भएको हुनसक्ने आशंका गरेका छन् । घटनाको जानकारी पाएलगत्तै इलाका प्रहरी कार्यालयबाट प्रहरीटोली घटनास्थल पुगेको थियो । घटनाबारे प्रहरीले थप अनुसन्धान गरिरहेको जनाएको छ ।


आकर्षक घडेरी बिक्रीमा
हेटौंडा वडा नं. १ स्वर्गलोक,
हेटौंडा मोडल अस्पताल पछाडि



सम्पर्क:
९८५१०८९६३४ (मुकुन्द कार्की)
९८४५०५३४९ (श्री लामा)



“सफा ट्यांकी, स्वस्थ जिन्दगी”
तपाईंको पानी ट्यांकी कतिको सुरक्षित छ ?
कहिले याद गर्नु भएको छ ? बाहिरबाट स्वस्थ र सफा देखिए पनि ट्यांकी भित्र धुलो, हिलो, लेउ र किटाणुको भण्डार भई दुषित त छैन ?
याद गर्नुहोस् है
हामीले दुषित पानीबाट ब्रस वा मुख धुने, नुहाउने, खाना पकाउने, पिउने जस्ता कार्यहरु गरिरहेका छौं भने, प्राय रोगहरु दुक्षित पानीका कारण स्वास्थ्यमा धेरै समस्य देखा पर्न सक्दछ ।
- डायरिया
- कालो झाडा
- टाइफाइट
- हेपाटाइटिस ए
- स्किन यन्फेक्सन,
साथै अन्य जलजन्य रोगहरु लाग्न सक्दछ ।





अब तपाईंको घरदैलोमा सस्तो र भरपर्दा सफाई सेवा लिएर आएका छौं, अत्याधुनिक प्रविधि उपकरणबाट सफाई गर्छौं । अब ढिला नगरौं आजै आफ्नो ट्यांकी सफा गरी आफ्नो र परिवारको स्वास्थ्य जोगाउनुहोस् ।
छत/भूमिगत पानी ट्यांकी सफाई सेवा
थप जानकारीको लागि
इनर्जेटिक सर्भिसिज प्रा.लि.
९८२७२८३०३०, ९७६१७१९६९९, ९८५५०६७१११


साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना